# माध्यमिक विद्यालयमा लागत अनुमानको विश्लेषण:

त्रिभूवन विश्व विद्यालय शिक्षा शास्त्र सङ्कायद्वारा सञ्चालित शैक्षिक योजना तथा व्यवस्थापन विभाग अन्तर्गत स्नातकोत्तर तह (एम.एड.) द्वितीय वर्षको

(ED 598) विषयको आंशिक आवश्यकता

परिपूर्तिका लागि प्रस्तुत

**शोधप्रस्तावना**


प्रस्तोता

छत्र बहादुर तामाङ्ग

त्रि.वि. रजिष्ट्रेशन नं.: २२५१९/८८

परिक्षा रोल नं.: २१४००३२

क्याम्पस रोल नं.: ३७०/०६४/०६६

सुकुना बहुमुखी क्याम्पस

शैक्षिक योजना तथा व्यवस्थापन विभाग

त्रि.वि. शिक्षा शास्त्र सङ्काय

इन्द्रपुर, मोरङ्ग


२०६७

# विषय सूची


पृष्ठ

परिच्छेदः एक १-७

परिचय

१.१ पृष्टभूमि १

१.२ समस्या कथन ४

१.३ अध्ययनको औचित्य ५

१.४ अध्ययनका उद्देश्यहरु ६

१.५ अनुसन्धानात्मक प्रश्नहरु ६

१.६ अध्ययनको सीमाहरु ६

१.७ शव्दहरुको परीभाषा ७

परिच्छेदः दुई ८-१३

सैद्धान्तिक खाका र पूर्व साहित्यको समीक्षा

२.१ सैद्धान्तिक खाकाको अध्ययन ८

२.२ पूर्व साहित्यको समीक्षा १०

२.३ शैक्षिक उपादेयता १३

परिच्छेदः तीन १४-१६

अनुसन्धान पद्धति

३.१ अनुसन्धान ढाँचा १४

३.२ तथ्याङ्क संकलन प्रक्रिया १४

३.२.१ जनसङ्ख्या १४

३.२.२ नमुनाको आकार १४

३.२.३ नमुना छनौट विधि १४

३.२.४ नमुनाको छनोटका आधार १५

३.३ अनुसन्धानका साधनहरु १५

३.४ तथ्याङ्क संकलनका स्रोतहरु १५

३.५ तथ्याङ्क विश्लेषण प्रक्रिया १६

सन्दर्भ सामग्री

अनुसूचीहरु I–XII

# परिच्छेदः एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

नेपालको वर्तमान शिक्षा संरचना अन्तर्गत कक्षा (१-५) प्राथमिक तह, कक्षा (६-८) निम्न माध्यमिक तह र कक्षा (९ र १०) माध्यमिक तह मानिएको छ । माध्यमिक शिक्षा देशको शिक्षा प्रणालीको महत्वपूर्ण पाटो हो । राष्ट्रलाई आवश्यकता पर्ने जनशक्ति उत्पादन गर्नु र उच्च शिक्षाको लागि आधार प्रदान गर्नु माध्यमिक शिक्षामा निर्भर गर्दछ । "उच्च शिक्षाको गुणस्तर भनेको राज्यलाई आवश्यक पर्ने सामाजिक, आर्थिक र राजनैतिक क्षेत्रमा उच्चस्तरको जनशक्ति उत्पादन गर्नु हो , जुन माध्यमिक शिक्षाको गुणस्तरमा निर्भर गर्दछ" (विष्ट, २०००)।

राष्ट्रको गतिशील विकासको लागि मानव संसाधनमा निर्भर गर्दछ, जसको उत्पादन एउटा राम्रो शिक्षा प्रणालीले प्रदान गर्न सक्दछ । विकासका अन्य क्षेत्रमा गरिएको लगानी बराबर शैक्षिक क्षेत्रमा लगानी गर्ने हो भने राष्ट्रिय आयको वृद्धिदरमा अन्य क्षेत्रको लगानीले भन्दा शिक्षामा गरिएको लगानीले बढी योगदान दिने गर्दछ । शिक्षामा लगानी गर्नाले मानिसलाई परिवर्तित परिस्थितिमा जुध्न सक्ने बनाँउछ । त्यसैले शिक्षामा लगानी सीमान्त उपयोगिताका नियमले अन्तिम अवस्थासम्म पनि खर्च गरी नै रहनु पर्छ किनकि यसबाट हुन आउने प्रतिफल दर भविष्यमा राम्रो हुन्छ । विकसित देशमा शिक्षालाई आर्थिक दृष्टिकोणले हेरिन्छ । शिक्षामा लगानी गर्नु भनेको राष्ट्रको आर्थिक एवं सामाजिक विकास गर्नु हो । शिक्षाले सामाजिक मूल्य मान्यतालाई जोगाउँदै जान्छ र व्यक्तिको आय आर्जन गर्ने क्षमता बृद्धि गरी जीवन स्तरमा सुधार ल्याउछ । शिक्षालाई एकातर्फ सामाजिक परम्परालाई जोगाउने चुनौति छ भने अर्कोतर्क व्यक्तिको आय आर्जन बढाउने चुनौति पनि छ । तसर्थ शिक्षामा लगानी बढाउनु भनेको वर्तमान सामाजिक तथा आर्थिक अवस्थामा नै परिवर्तन ल्याउनु हो । शिक्षा र विकास एउटा सिक्काको दुई पाटा जस्तै अन्तरनिर्भर हुने भएकोले सरकार, समाज तथा व्यक्तिको शिक्षा क्षेत्रमा लगानीको दर बढाउनु पर्दछ ( काफ्ले, २०६५) ।

जुन सुकै राष्ट्रले आफ्नो योजना, साधन र स्रोतको पर्याप्तताका आधारमा शिक्षा क्षेत्रमा बजेट विनियोजन गर्ने  गर्दछन् । शिक्षा क्षेत्रको विकास भनेको मानवीय स्रोत र साधनको विकास हो । शिक्षामा गरिएको लगानी मानव संसाधनको दीर्घकालीन विकासका लागि गरिने लगानीका रुपमा लिने गरिन्छ । कुनै पनि मुलुकको विकासको स्थितिलाई अवलोकन गर्न समेत शिक्षामा गरिएको लगानीलाई प्रमुखरुपमा लिइन्छ । जब मानवीय स्रोत र साधनको विकास अधिकतम हुन्छ, तब राष्ट्रको विकासमा हरेक क्षेत्रले विस्तारै गति लिन थाल्दछ । चेतनशील समुदाय बढी भएपछि राष्ट्रको विकास स्वतः अगाडि बढदै जान्छ । शिक्षालाई सामाजिक सेवाको रुपमा लिइन्छ । त्यसर्थ सरकारले शिक्षा क्षेत्रमा बढी लगानी गर्नु पर्दछ । सरकारले शिक्षामा बजेट विनियोजन गर्ने सवाल राष्ट्रको आर्थिक स्थितिमा निर्भर हुने गर्दछ ( काफ्ले, २०६५) ।

सरकारको शिक्षामा लगानीको ऐतिहासिक पृष्ठभूमिलाई हेर्दा प्राथमिक तहलाई वि.स. २०३२ सालदेखि निःशुल्क र वि.स. २०५० सालदेखि नि.मा.वि. र मा.वि. तहसम्म क्रमस निःशुल्क गरी तलब

भत्ता, प्रशासनिक खर्च सरकारले शतप्रतिशत बेहोर्दै आएको छ । वि.स. २०२८ साल पूर्व नेपालको शिक्षामा हुने शैक्षिक लगानीमा अभिभावकको ठूलो योगदान रहेको देखिन्छ । विद्यालयको भौतिक व्यवस्थापनमा जनसहभागिता तथा विद्यार्थी भर्ना शुल्क, परीक्षा शुल्क, मासिक पढाई शुल्क तिरी अभिभावकले शैक्षिक लगानीमा औसत ६० प्रतिशत गरेको स्पष्ट हुन्छ । राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ लागू भए पछि विद्यालय अनुदान कार्यक्रम अन्तर्गत दुर्गम जिल्लाका निम्न माध्यमिक र माध्यमिक शिक्षकको तलब भत्ता नेपाल सरकारले शतप्रतिशत बेहोर्नुको साथै दुर्गम भत्ताको व्यवस्था पनि गरेको थियो । अन्य जिल्लाहरुको हकमा निम्न माध्यमिक र माध्यमिक शिक्षा तलबभत्ता वापत क्रमसः ७५ प्रतिशत र ५० प्रतिशत अनुदान दिने तर व्यावसायिक माध्यमिक विद्यालयका शिक्षकहरुलाई ७५ प्रतिशत नै तलब दिने व्यवस्था गरेको थियो । २०३८ साल देखि व्यावसायिक माध्यमिक विद्यालय नरहने व्यवस्था भएपछि सबै खाले माध्यमिक विद्यालयहरुलाई ५० प्रतिशत नै तलवभत्ता अनुदान दिने व्यवस्था गरिएको थियो । पञ्चायतकालमा कर्मचारीको तलवभत्ता बृद्धि हुँदा सो अनुपातमा शिक्षकहरुको तलब बृद्धि नगर्दा शिक्षकहरुको आन्दोलनले तत्कालीन सरकारले शतप्रतिशत नै रकम दिने निर्णय गरेको थियो । फलस्वरुप २०४९ सालसम्म माध्यमिक विद्यालयले ६० प्रतिशत तलब भत्ता अनुदान पाएको देखिन्छ (नेशनल एजुकेशन कमिसन, १९९२) ।

२०४६ सालको राजनैतिक परिवर्तन तथा प्रजानन्त्रको पुनर्स्थापना पछि नेपालको माध्यमिक शिक्षामा सर्वसाधरणका पहुँच वृद्धि गराउनका लागि निःशुल्क शिक्षा हुनु पर्ने विषयमा चर्चा हुन थाल्यो । राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ ले दिएका सुझाउहरुलाई आत्मसात गर्दै २०४६ सालपछिको पहिलो जननिर्वाचित सरकारले आ.व. २०४८/४९ को आफ्नो बजेट वक्तव्यमार्फत माध्यमिक तहको शिक्षालाई शैक्षिक सत्र २०४९/५० बाट कक्षा ६ देखि क्रमसः लागू हुने गरी निःशुल्क गर्दै जाने निर्णय गर्‍यो । तत्पश्चात सरकारले सम्पूर्ण तहका शिक्षकहरुलाई शतप्रतिशत तलव अनुदान दिने घोषणा गरे पश्चात् नेपालको माध्यमिक तहको लागत सहभागितामा परिर्वतन गर्ने नीति ल्याएको पाइन्छ, (अर्थमन्त्रालय, वजेट वक्तव्य आ.व. २०४८/४९)।

आ.व. २०४८/४९ को वजेट वक्तव्य पछि २०४९ पौष २० को नेपाल राजपत्रमा शिक्षा नियमावली २०४९ जारी गरिएको र उक्त नियमावलीको परिच्छेद २० को उपनियम १ मा शुल्क उठाउन पाउने व्यवस्था गरिएकोले माध्यमिक तहको शिक्षालाई निःशुल्क घोषण गरे पनि सरकारले विद्यालयलाई आवश्यक पर्ने अनुदान तथा थप शिक्षक दरवन्दीको व्यवस्था गर्न नसकेको तत्कालीन समयमा विद्यालयहरुले शिक्षक तलब, स्टेसनरी, मसलन्द तथा भौतिक निर्माणका लागि न्यूनरुपमा भए पनि शुल्क उठाउने गरेको पाइन्छ । यसैगरी २०५३ पौष २६ गतेको नेपाल राजपत्रमा जारी गरिएको शिक्षा (पाँचौ संशोधन) नियमावली २०५३ को परिच्छेद २० र नियम १०९ को उपनियम १ (क) मा सार्वजनिक विद्यालयहरुले मासिक पढाई शुल्क, प्रवे्श वा पुनः प्रवेश शुल्क वाहेक विविध शुल्कहरु उठाउन पाउने व्यवस्था गरेको पाइन्छ ।

शिक्षा नियमवाली, २०५९ को परिच्छेद २५ र नियम, १४६ को उपनियम १ मा व्यवस्था भए बमोजिम विद्यार्थीहरुबाट लिन पाउने शुल्कहरुको विवरण र नियम १४७ मा शुल्क उठाउने मापदण्डको निर्धारण गरिएको छ । यस नियमावलीमा शिक्षा मन्त्रालयको स्वीकृति लिएर नियमावलीमा उल्लेख गरिएका शुल्कहरु लिन पाउने व्यवस्था गरेकोले वर्तमान माध्यमिक शिक्षालाई निःशुल्क भनेर भन्न सकिदैन । तर सामुदायिक माध्यमिक विद्यालयले गरिवीका रेखामुनि रहेका दलित, जनजाति र महिला विद्यार्थीहरुलाई निःशुल्क शिक्षाले न्यायपूर्ण व्यवस्था गरेको पाइन्छ । शिक्षामा पहूँच वढाइ समानता कायम गर्न र खर्चको अभावमा कसैले पनि शिक्षाबाट वञ्चित हुन नपरोस् भन्नाका लागि शिक्षा ऐन सातौ संशोधनले गरीब र सुविधाविमुख समूहलाई लक्षित छात्रवृत्तिको व्यवस्था मिलाएको पाइन्छ । हाल माध्यमिक शिक्षा सहयोग कार्यक्रम, विद्यालय क्षेत्र सुधार कार्यक्रम, विद्यालय सुधार कार्यक्रम, सबैका लागि शिक्षा जस्ता कार्यक्रमहरुबाट विद्यालयमा अपाङ्ग छात्रवृत्ति प्रति विद्यार्थी १७५०।- का दरले, दलित छात्रवृत्ति प्रतिविद्यार्थी ४००।- का दरले, मा.वि. छात्रवृत्ति प्रति विद्यार्थी १७००।- का दरले, ५०% छात्रा छात्रवृत्ति प्रति विद्यार्थी ४००।- का दरले दलित मा.वि. प्रतिविद्यार्थी ५००।- का दरले प्रति विद्यार्थी कोष २८५ का दरले, समुदायमा हस्तान्तरित माध्यमिक विद्यालयलाई ७८,०००।- का दरले अगुवा विद्यालय कार्यक्रम मार्फत र विद्यालय राम्रो व्यवस्थापन गरेवापत ५०,०००।- का दरले अनुदान रकम दिने व्यवस्था छ । सरकारले विद्यालयले तयार गरेको सुधार योजनालाई सहयोग गर्ने उद्वेयले विद्यालय अनुदान कार्यान्वयन निर्देशिका अनुसार प्राथमिक, निम्न माध्यमिक र माध्यमिक विद्यालयलाई प्रशासनिक खर्च शीर्षकमा क्रमशः रु ११०००, १३०००, र २१००० एंव मसलन्द शीर्षकमा प्रा.वि. तहका लागि प्रतिशिक्षक रु ३००।- का दरले र निम्न माध्यमिक र माध्यमिक तहका लागि रु ५००।- का दरले अनुदान दिने व्यवस्था गरेको छ। शैक्षिक सामग्री संकलन र निर्माण र भवन मर्मत संभार जस्ता शीर्षकमा अनुदान रकम दिने व्यवस्था भए पनि विधालयको ब्यवस्थापन सम्बन्धी असक्षमताका कारण शैक्षिक गुणस्तर अपेक्षाअनुरुप राम्रो भएको देखिएको छैन (शिक्षा नियमावली, २०५९) ।

शैक्षिक लगानीको वर्तमान परिपाटी अनुसार विकासोन्मुख देशको शैक्षिक तथ्याङ्कलाई हेर्दा अधिकतम ३ प्रतिशत र त्यो भन्दा कम मात्रामा कूल राष्ट्रिय उत्पादनवाट खर्च हुने देखिन्छ । विकसित राष्ट्रहरुमा भने ५ प्रतिशत र सो भन्दा बढी शैक्षिक लगानी कूल राष्ट्रिय उत्पादनबाट गरिन्छ । वार्षिक बजेटको अवस्था हेर्दा आ.व. २०६२/६३ को कूल सरकारी बजेटको १६.७५ प्रतिशत आ.व. २०६३/६४ मा १५.९९ प्रतिशत आ.व.२०६४/६५ मा १६.८० प्रतिशत र आ.व. २०६५/६६मा १६.५९ प्रतिशत विनियोजन गरिएको अवस्था छ । तर यतिले मात्रै लगानी बृद्धि भयो भन्न सकिन्न किनकि यसका लागि प्रति विद्यार्थी खर्च भएको रकम हेर्नु पर्छ । प्राथमिक विद्यालय उमेर समूहको जनसङ्ख्या करिव ३० लाख देखिन्छ । सबैलाई निःशुल्क र स्तरीय शिक्षा दिन प्रति विद्यार्थी ३० अमेरिकी डलरको दरले वार्षिक ६ अर्व ७५ करोड विनियोजन गर्नु पर्ने तथ्यलाई अगाडि सारेको पाइन्छ  तर सबै प्राथामिक शिक्षाको तलव भत्त, मसलन्द खर्च, निःशुल्क पाठ्यपुस्तक वितरण र छात्रवृत्तिहरु जस्ता व्यवस्था दिगोरुपले गर्न सरकारलाई कठिन नै देखिन्छ । त्यसैगरी माध्यमिक तह समूहका धेरै जसो विद्यार्थीहरु शिक्षाबाट वञ्चित

रहनु एक चुनौति हो ( खड्का, २०६५) । यसरी माध्यमिक विद्यालयमा सरकारी लगानी स्थानीय तहको लगानी र अभिभावकको लगानी र खर्चको आधारमा प्रति विद्यार्थी लागत खर्चको विश्लेषण गरी लागत अनुमान गर्नु शैक्षिक अनुसन्धान आवश्यक छ ।

## १.२ समस्याको कथन :

विकासोन्मुख अन्य मुलुकहरुका दाँजोमा नेपालको प्रतिव्यक्ति राष्ट्रिय उत्पादन साह्रै न्यून मानिन्छ । यसले व्यक्तिलाई आफ्नो सम्पूर्ण खर्च पुऱ्याउन गाह्रो हुने गर्दछ । त्यसर्थ व्यक्ति तथा समाजले शिक्षा क्षेत्रमा पर्याप्त लगानी गर्न सकेका छैनन् । नेपालको जनसङ्ख्या वृद्धिको अनुपातमा उत्पादनको वृद्धि दर समानुपातिक नदेखिएकोले राष्ट्रमा गरिवीको सङ्ख्या दिनानुदिन बढ्दै गएको छ । यही गरिवीका कारणले विद्यालय जाने उमेर समूहका सबै वालबालिका विद्यालय जान सकिरहेको छैनन् । जनसङ्ख्यामा भएको तीव्र बृद्धिका साथसाथै जनतामा आएको शिक्षा प्रतिको चेतना, जागरण र सरकारले शिक्षामा जोड दिदै  जानुले नेपालका सबै तहमा विद्यार्थी सख्या बढ्दै गएको पाइन्छ । १९९४ मा केन्द्रीय तथ्याङ्क विभागले गरेको जनसङ्ख्या प्रक्षेपणले माध्यमिक उमेर (१०-१५ वर्ष) समूहको जनसङ्ख्या सन २०११ सम्ममा ३५ लाख पुग्ने अनुमान गरिएको छ । यस प्रक्षेपणले पनि माध्यमिक उमेर समूहको जनसङ्ख्या तीव्ररुपले बढ्न जाने देखाउँछ । यस कारणले पनि माध्यमिक शिक्षामा थप लगानीको आवश्यकता देखिन्छ । यसरी जनसङ्ख्या तथा विद्यार्थी सहभागित दर वढ्दै जाँदा सरकारले गर्ने सरकारी खर्च तथा शैक्षिक खर्चमा पनि वृद्धि गर्दै लैजानु पर्ने देखिएकोले आउँदा दिनहरुमा सरकारलाई थप आर्थिक भार पर्ने देखिन्छ । शैक्षिक खर्चलाई कसरी व्यवस्थित गर्न सकिन्छ भन्ने सम्बन्धमा एक चुनौती देखा परेको छ ( सेडप, १९९७)।

नेपालको माध्यमिक शिक्षाको इतिहास हेर्दा वित्तीय व्यवस्थापनमा अभिभावक र समुदायको अहं भूमिका रही आएको  पाइन्छ । विद्यालयलाई आवश्यक पर्ने रकम जग्गा तथा अन्य शैक्षिक सहयोगले माध्यमिक तहको आर्थिक व्यवस्थापन सन्तोषजनक रहेको थियो । वर्तमान समयमा सरकारले निःशुल्क शिक्षाको घोषणा गरेपनि सरकारले विद्यार्थी सङ्ख्या र विषय अनुसार शिक्षक दरबन्दीको व्यवस्था गर्न सकेको देखिदैन । अर्कोतर्फ निःशुल्क शिक्षाको विरोधाभास नीतिले गर्दा विद्यालय तथा अभिभावकहरु सबै अन्योलमा परेका छन् । विद्यालयका आम्दानीका स्रोतहरु सीमित छन् आवश्यक परेजति स्रोत जुटाउन नसकेको कारण विद्यालयको भौतिक तथा शैक्षिक पक्ष गिर्दो अवस्थामा पुग्न थालेको छ । विद्यालयको स्वामित्वमा रहेको जग्गा मोहीले कब्जा गरिरहेको अवस्था छ । सरकारले माध्यमिक शिक्षाका लागि कुल शैक्षिक वजेटको करिव २४ प्रतिशत विनियोजन गर्दछ । सरकारबाट विद्यालयहरुले प्राप्त गर्ने अनुदानको प्राय जसो सबै रकम शिक्षक तलब भत्तामा खर्च हुने गर्दछ । भौतिक सुबिधा विस्तार र कर्मचारी व्यवस्थापनका लागि सरकारी सहायता छैन । सरकारले प्रवेश शुल्क पुनः प्रबेश शुल्क तथा मासिक शुल्क लिन नपाउने गरी माध्यमिक शिक्षालाई निःशुल्क घोषणा गरेको छ। विद्यालयको भौतिक तथा शैक्षणिक स्रोत तथा साधनका स्थानीय सहभागितालाई परिचालन गर्ने भनिएता पनि हालका वर्षहरुमा उक्त सहभागित घट्दै गएको छ । विद्यालयको आम्दानीका स्थानीय र परम्परागत स्रोतहरु सुक्दै गएका छन् ।

परिणामस्वरुप विद्यालय भित्रका गतिविधिका गुणस्तर वृद्धि गर्न आवश्यक खर्च पर्याप्त हुनसकेको छैन । निःशुल्क माध्यमिक शिक्षाले शिक्षकहरुलाई तलब भत्ताको चिन्ताबाट मुक्त गरे पनि विद्यालयहरुलाई गुणात्मक शिक्षाको सन्दर्भमा अझ कमजोर गराएको छ । सरकारले शिक्षामा सम्पूर्ण जिम्मेवारी दिन्छ भन्ने भ्रम स्थानीय निकाय र अभिभावकमा पर्न गएको छ, (उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग २०५५) ।

हाम्रो जस्तो गरिव मुलुकमा शैक्षिक लगानी वैदेशिक सहायता तथा ऋणको स्थान ज्यादै महत्वपूर्ण रहेको छ । शिक्षा क्षेत्रको कुल वजेटमध्ये विकास वजेटमा करिब २५ प्रतिशत रकम वैदेशिक सहायताबाट प्राप्त हुने गरेको छ । साधारण वजेटको शतप्रतिशत भार सरकारले आन्तरिक स्रोतबाट बेहोरिने गरेको पाइन्छ । वैदेशिक स्रोतबाट प्राप्त वजेट मध्ये विगतका अनुदानको अंश वढी हुने गरेकोमा हालका दशकमा ऋणको मात्र वढी हुने गरेको छ । हाल सरकारका तर्फबाट माध्यमिक शिक्षामा प्रति विद्यार्थी रु १५०० खर्च भइरहेको छ भने अभिभावकबाट सामुदायिक विद्यालयमा रु १३४०।- र नीजि विद्यालयमा रु ८,७३३।- खर्च गर्ने गरेका छन् । माध्यमिक शिक्षालाई गुणस्तरीय र विश्व वजारमा आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन गर्न सरकारी अनुदान रकमले मात्र संभव छैन त्यसर्थ अभिभावकलाई लागत सहभागितामा जुटाउनु आजको आवश्यकता र समस्या हो, (काफ्ले २०६५) ।

## १.३ अध्ययनको औचित्य :

शिक्षा मानवीय अधिकार हो । वर्तमानमा शिक्षामा गरिएको शैक्षिक लगानी भविष्यको आम्दानीको स्रोत हो । हाम्रो जस्ता गरिव मुलुकले नत सरकारी तवरले शैक्षिक लगानी वृद्धि गर्न सकेका छ नत अभिभावक नै लागत सहभागितमा जुट्न सकेको स्थिति छ । गरिवीको कारणले अझै पनि धेरै मानिसहरु विभिन्न तहको शिक्षाबाट वञ्चित हुन परेको अवस्था छ । धेरै जसो विद्यालय उमेरका वालबालिकाहरु आर्थिक विपन्नताका कारणले निःशुल्क शिक्षा हुँदा हुदै राजीरोटीका लागि विद्यालय जानसकिरहेको छैन । नेपालको माध्यमिक तहको शिक्षाले विकासको धेरै फड्को मार्दै आजको अवस्थासम्म आइपुग्दा पनि माध्यमिक शिक्षामा विद्यार्थी सहभागिताको स्थिति सन्तोषजनक रहेको पाइदैन । अर्को तर्फ विश्वको शिक्षाको स्तर र विकासको तुलनामा नेपालको माध्यमिक तहको शिक्षामा जति विकास हुनु पर्ने हो त्यति हुन सकिरहको छैन ।

प्राथमिक र निम्नमाध्यमिक तहको वास्तविक भर्ना दरको तुलनामा माध्यमिक उमेरका धेरै वालबालिकाहरु शिक्षाबाट बञ्चित रहेका देखिन्छन् । फलतः माध्यमिक तहको शिक्षाको गुणस्तरमाथि अनेक प्रश्न चिन्ह रहेका छन् र विद्यालयहरको विस्तार लक्ष्यविहीन भएको देखिन्छ । यस तहमा सरकारले गर्ने लगानीको पूर्ण उपयोग हुन नसकेको गुनासो पाइन्छ । विद्यालयहरुमा न्यूनतम भौतिक सुविधाको अभाव छ जनसहभागिता निकै नै कम रहेको छ । खास गरी शहरी क्षेत्रहरुका विद्यालयहरु प्रति आकर्षित देखिन्छन् ।  किनकि सरकारको शिक्षामा न्यून लगानी र उपलब्ध वजेटको प्रभावकारी बाँडफाँटको अभाव, स्रोतको अधिकतम उपयोगको अभाव र शैक्षिक खर्च र उपलब्धिको असमान वितरण माध्यमिक शिक्षाको समस्या हो, (विश्व बैक, १९८६) ।

नेपालको जनसङ्ख्या दिन प्रतिदिन बढ्दै गइरहेको अवस्थामा माध्यमिक विद्याालय उमेर समूह (१०-१५वर्ष) को जनसङ्ख्या पनि वढदै गएको छ । सरकारको वर्तमान निःशुल्क माध्यमिक शिक्षा नीतिले माध्यमिक तहको शिक्षालाई सर्वसुलभ तुल्याउन खोजिएको छ । शिक्षा प्रतिको जनचेतनाले गर्दा दिन प्रतिदिन शिक्षाको माग बढिरहेकोले राष्ट्र तथा समुदायले थप विद्यालयहरुको स्थापना गर्नुका साथै वैकल्पिक आय स्रोतको पहिचान गर्नु पर्ने हुँदा पनि माध्यमिक तहको शैक्षिक लगानी र खर्चका आधारमा लागत अवस्था वारे अध्ययन गर्न औचित्य देखिन्छ ।

प्राथमिक तह र निम्न माध्यमिक तहमा कक्षा दोहोऱ्याउने र कक्षा छाड्ने दर न्यूनीकरण गर्नका लागि पनि माध्यमिक शिक्षालाई उपलब्धिमुलक बनाउन आवश्यक छ । माध्यमिक शिक्षा उर्तीण जनशक्तिले विश्व बजारमा प्रतिस्पर्धा गर्न सक्ने र रोजगारीको सुनिश्चितता हुने भए आम अभिभावकले आफ्ना छोराछोरीलाई कम्तिमा पनि माध्यमिक तहसम्मको शिक्षा दिलाउन चाहान्छन् । यसका लागि माध्यमिक विद्यालयमा देखा परेका शैक्षिक लगानी र लागत सम्बन्धी समस्याहरुको पहिचान गरी सममयमै आवश्यक कदम चाल्नु पर्ने हुन्छ । अतः यस अध्ययनमा माध्यमिक विद्यालयको शैक्षिक लगानी र खर्चका आधारमा लागत अवस्थाको तथ्यपूर्ण विश्लेषण गरिनेछ । यसबाट प्राप्त निष्कर्षले वर्तमान समयमा देखा परेका माध्यमिक विद्यालय सम्बन्धी वित्तीय समस्याहरुको पहिचान गरिनेछ ।

## १.४ अध्ययनका उद्देश्यहरु :

यस अध्ययनका लागि निम्नानुसारको उद्देश्यहरु राखिएका छन् ।

क. माध्यमिक विद्यालयमा देखिएको आर्थिक स्रोत र खर्चको विश्लेषण गर्नु ।

ख. माध्यमिक विद्यालयमा लागत अनुमानको लेखाजोखा गर्नु ।

ग. माध्यमिक विद्यालयमा देखिएको आर्थिक समस्याको पहिचान गरी सुझाउनु ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरु :

क माध्यमिक विद्यालयमा आर्थिक स्रोत र खर्चको स्थिति के छ ?

ख. माध्यमिक विद्यालयमा सरकारी अनुदान र अभिभावद्वारा गरिने शैक्षिक खर्चको आधारमा प्रति विद्यार्थी वार्षिक औसत लागत कति छ ?

ग. माध्यमिक विद्यालयले भोगिरहेका आर्थिक समस्याहरु के के हुन् ?

घ. माध्यमिक विद्यालयमा शैक्षिक लगानी अनुरुपको प्रतिफल कस्तो छ ?

## १.६ अध्ययनको परिसीमाहरु :

यो अध्ययन इलाम जिल्ला अन्तर्गत सामुदायिक माध्यमिक विद्यालयबाट ५ वटा मा.वि. लाई अध्ययनका लागि नमुना छनौट गरी उक्त मा.वि.तहका शैक्षिक लगानी र खर्चको दायराभित्र रही प्रति विधार्थी लागतमात्र यस अध्ययनका सीमा रहने छ । यस अध्ययनको क्रममा प्रधानाध्यपक,

वि.व्य.स.अध्यक्ष, विद्यार्थी, अभिभावक र सामाजिक परीक्षकका अध्यक्षमात्र अध्ययनका सीमा निर्धारण गरिनेछ ।

## १.७ शब्दहरुको परिभाषा :

| | |
|---|---|
| माध्यमिक तह : | कक्षा (९-१०) लाई माध्यमिक तह मानिएको छ । |
| सामुदायिक विद्यालय : | सरकारी अनुदानबाट सञ्चालित विद्यालयलाई सामुदायिक विद्यलाय भनिन्छ । |
| शैक्षिक लगानी : | सरकार र अभिभावकद्वारा शिक्षामा गरिने खर्चलाई शैक्षिक लगानी भनिन्छ । |
| प्रति इकाइ लागत :- | एक शैक्षिक सत्र अवधिमा विद्यालय र अभिभावकले गरेको कुल खर्चको आधारमा प्रति विद्यार्थी लाग्ने शैक्षिक खर्च नै प्रति इकाइ लागत हो । |

# परिच्छेदः दुई

# सैद्धान्तिक खाका र पूर्व साहित्यको समीक्षा

## २.१ सैद्धान्तिक खाकाको अध्ययन :

अध्ययन क्षेत्र अन्तर्गतको माध्यमिक विद्यालयको लागत अवस्थाको विश्लेषण गर्न शैक्षिक व्यवस्थापनको समग्र व्यवस्थापकीय पक्षको अध्ययन र लागत -लाभ विश्लेषणलाई शैक्षिक अनुसन्धानको सैद्धान्तिक खाका बनाएको छ ।

हेनरी फेयोल (१९१६) ले व्यवस्थापनको प्रशासनिक सिद्धान्तको प्रतिपादन गर्दै कुनै पनि संघ सस्थाका निर्धारित उद्देश्यहरु पूरा गर्न मानवीय , भौतिक, आर्थिक पक्षहरुको प्रबन्ध गर्ने र कुशलतापूर्वक साधन र स्रोतको परिचालनबाट मात्र लक्ष्य हासिल हुन सक्छ भनी उल्लेख गरेका छन् । व्यवस्थापनलाई प्रशासनिक सिद्धान्त अनुसार कार्य विभाजन, अधिकार र उत्तरदायित्व, अनुशासन, एउटै प्रशासनको व्यवस्था, निश्चित व्यक्तिको आदेश, सामूहिक हित र कार्यमा जोड, कर्मचारीको उचित सेवा, सर्त, सुविधा र पारिश्रमिकको व्यवस्था, आर्थिक पारदर्शिता, निष्पक्षता, जागिरको स्थायित्व, प्रोत्साहन र सहयोगको भावना जस्ता पक्षले संघ संस्थाको उद्देश्य पूरा हुन सक्छ । फेयोलले व्यवस्थापनलाई प्रभावकारी बनाउन ६ वटा अन्तरसम्बन्धित क्रियाकलापहरुको उल्लेख गर्दै बस्तुको उत्पादन, प्राविधिक ज्ञान, व्यवसायिकता, लगानीका लागि वित्तीय व्यवस्था, सम्पत्ति र कर्मचारीको सुरक्षात्मक कार्य, लेखा र योजना, संगठन, नेतृत्व, नियन्त्रण जस्ता व्यवस्थापकीय कार्यले मात्र संघ संस्थाले लगानीको प्रभावकारिता पाउन सक्छ । विद्यालय पनि शैक्षिक जनशक्ति उत्पादन गर्ने संस्था हो । व्यवस्थापनको प्रशासनिक सिद्धान्त अनुरुप संचालित विद्यालयले मात्र लगानीको उच्चतम उपयोग गर्न सक्छ र त्यसबाट अधिकतम प्रतिफल लिन सकिन्छ, ( कोइराला, २०६२ बाट उद्दृत ) ।

हेनरी फेयोलले आफ्नो प्रतिपादित व्यवस्थापनको प्रशासनिक सिदान्तलाई १९३० मा अंग्रेजीमा रुपान्तरण गरेपछि दुनियामा प्रचलित हुन गई विभिन्न संघ सस्थामा उपयोग हुन थाल्यो । यसपछि व्यवस्थापनको क्षेत्रमा यस सिद्धान्तले ठुलो योगदान दियो । उनले व्यवस्थापनमा योजना, संगठन, निर्देशन, समन्वय र नियन्त्रणलाई मुख्य सिद्धान्तकोरुपमा जोड दिएका छन । यस सिद्धान्तलाई शैक्षिक व्यवस्थापनमा पनि प्रभावकारीरुपमा निम्नानुसार प्रयोग गर्न सकिन्छ ।

### क. योजना :

योजना बनाउनु व्यवस्थापनको प्रमुख कार्य हो । भविष्यमा गरिने कार्यलाई अगाडि नै निर्धारण गर्ने वा रुपरेखा तयार गर्ने कार्य नै योजना हो , जसले भविष्यमा  उद्देश्य प्राप्त गर्नका लागि कुन बाटो तय गर्ने भन्ने बारे अग्रिम दिशाबोध गराउछ । संगठनको लक्ष्य,कामको निर्धारण ,स्रोतसाधनको परिचलन नीति, नियम, बजेटको निर्माण, निर्धारण वा तर्जुमा आदिको लागि व्यवस्थापकीय योजना बनाउनु पर्दछ ।

ख संगठन :

साझा उद्देश्य हासिल गर्नुका लागि उन्मुख मानवीय जमघटलाई नै संगठन भनिन्छ । समान उद्देश्य प्रातिका लागि मानिसलाई एक ठाउमा ल्याउन र एकै सुत्रमा बाध्न जरुरी छ । संगठनात्मक संरचना, कामको बाँडफाँड र योजनालाई मुर्तरुप दिन संगठन अत्यावश्यक छ । बिभिन्न क्रियाकलाप विविध श्रेणीमा विभाजन गरी उत्तरदायित्व तथा अधिकार निर्धारण गर्न संगठन आवश्यक छ ।

ग. आदेशः

प्रमुख व्यवस्थापकले अधिनस्थ कर्मचारी तथा सहायक व्यवस्थापकलाई कार्य गर्नका लागि आदेश गर्नु पर्दछ । संचार, उत्प्रेरणा, नेतृत्व, निरीक्षण आदि तत्वहरु यसका सम्मिलित हुन्छन । जसमा स्रोत साधनको उपयुक्त परिचालन गर्न, कार्यलाई समन्वयात्मक ढगंले अधि बढाउन निर्देशन आवश्यक छ ।

घ. समन्वयः

साझा उद्देश्य हासिल गर्नलाई सस्थाभित्र सम्पूर्ण कार्यलाई तालमेल र सामानजस्यता कायम गरि उसको कार्य सजिलो ढगं बाट संचालन नै समन्वय गर्नु हो । त्यसरी संगठनमा एकआपसमा सबैको वुझाई र व्यक्तिगत ईच्छा फरक फरक हुने भएकोले व्यवस्थापक र कामदारवीच आपसमा पारस्पारिक सम्वन्ध हुन आवश्यक छ ।

ङ . नियन्त्रणः

सस्थाभित्र क्रियाकलाप उचित तरिकाबाट संचालन भए नभएको कुरालाई रेखदेख गर्ने प्रणलीलाई नियन्त्रण भनिन्छ । कार्यलाई उद्देश्यबाट विचलित हुन नदिन तथा सुधारात्मक प्रक्रिया अनुसरण गर्न नियन्त्रण आवश्यक छ ।

यी अङ्गहरुको आधारमा शैक्षिक व्यवस्थापन गरेमा लगानी अनुरुपको परिणाम लिन सकिन्छ । सीमित स्रोत र साधनको उपयोग गरी परिणाममुखी उपलब्धी लिन व्यवस्थापन आवश्यक छ ( थापा, २०६४ बाट उदृत ) ।

मिसन इ.जे.(१९७१) ले लागत-लाभ विश्लेषणको सिद्धान्त प्रतिपादन गर्दै लगानी मूल्याङकनको आधारमा परियोजनाको प्रभावकारिता र संमाव्यको छनौट गर्नु पर्छ भनेका छन् । परम्परागत लागत-लाभ विश्लेषणको दृष्टिकोणले जति धेरै लगानी बृद्धि गर्‍यो त्यति नै प्रतिफल राम्रो हुन्छ भन्ने मान्यता राख्थ्यो । लगानी संञ्चालनको प्रभावकारितामा ध्यान दिइदैनथ्यो तर वर्तमान समयमा न्यूनतम लगानीलाई प्रभावकारी परिचालनबाट अधिकतम प्रतिफल हासिल गर्नु नै परियोजनाले सफलता ठान्दछ । यस सिद्धान्त अनुसार लाभ-लागतको आधारमा परियोजनाको मूल्याङकन गर्दछ । यस सिद्धान्तले शैक्षिक लगानी गर्नका लागि पथपर्दशन गर्न साधनहरुको उच्चतम उपयोग गर्न र भावी योजना निर्माणमा सहयोग पुर्‍याउछ ( जोशी,२०५२ बाट उदृत ) ।

## २.२ पूर्वसाहित्यको समीक्षा

यस अध्यायमा पूर्व साहित्य समीक्षाको कममा नेपालको माध्यामिक शिक्षा विकासको ऐतिहासिक प्रयाससंग विद्यालयको शैक्षिक लगानी र खर्चका आधारमा लागत सम्बन्धी समीक्षा गरिनेछ । यस अन्तर्गत माध्यमिक विद्यालयको आयस्रोत, खर्चको ढाँचा, प्रति विद्यार्थी लागत, सरकारी शैक्षिक खर्च र माध्यमिक विद्यालयसंग सम्बन्धित अन्य शैक्षिक समस्या जस्ता विषयबस्तुमा केद्रित रही पूर्वसाहित्यको पुनरालोकन गरिएकोछ ।

नेशनल एजुकेशन कमिसन, (१९९२) का अनसार नेपालको माध्यमिक शिक्षा विकासको पहिलो ऐतिहासिक खुटकिलोको रुपमा सन् १८५४ मा दरवार हाइस्कुलको स्थापनालाई लिइन्छ । नेपालमा २००७ सालभन्दा अगाडि राणाकालीन शासन व्यवस्थाका कारण शिक्षा सर्वसुलभ तथा सवैका लागि खुल्ला थिएन । वि.स. २००७ सालमा बहुदलीय प्रजातन्त्रको स्थापना पछि मात्र माध्यमिक शिक्षाको विकास र विस्तार नेपालमा भएको पाइन्छ । जनताको शिक्षा प्रतिको चासो बढ्नाले सवैतिर विद्यालयहरु स्थापना भए । १९५१ मा नेपालमा निम्न माध्यमिक र माध्यमिक गरेर ११ बटा विद्यालयको १६८० जना मात्र विद्यार्थी सङ्ख्या भएपनि सन् १९९४ ताक माध्यमिक विद्यालय सङ्ख्या ७२२१ र विद्यार्थी सङ्ख्या ९,४४,५०९ पुगेको पाइन्छ । सन् १९५१ मा देखिने कुल विद्यार्थी भर्नादर ०.३ प्रतिशतबाट वृद्धि भएर १९९४ मा आई पुग्दा ३९.६ प्रतिशत पुगेको पाइन्छ ।

शर्मा, (२०५९) ले नेपालका शिक्षा आयोगहरुका प्रतिवेदनहरुको सग्रहमा वि.स. २०२८ सालमा राष्ट्रिय पद्धतिको योजना गठन भयो । शिक्षामा परिवर्तन गर्ने उद्देश्य लिएर पहिलो पटक शिक्षाका राष्ट्रिय लक्ष तथा उद्देश्यहरु किटान गऱ्यो र शिक्षालाई एक राष्ट्रिय शिक्षा प्रणालीमा समावेश गरी शिक्षाको संरचना निर्धारण गऱ्यो । यस योजनाले विद्यालयलाई साधारण तथा व्यावसायिक विद्यालयको रुपमा वर्गीकृत गऱ्यो । शिक्षक तालिम, देशभर एउटै पाठ्यक्रम लागू, पाठ्यपुस्तकको निर्माण, विद्यालय निर्माण कार्यमा जनसहभागितामा प्रोत्साहन गर्दै व्यावसायिक शिक्षामा जोड दिएका पाइन्छ ।२०३२ सालमा तत्कालीन सरकारले प्राथमिक शिक्षालाई निःशुल्क घोषणा गरी छात्राहरुको लागि पाठ्यपुस्तक पनि निःशुल्क वितरण गर्ने नीति अवलम्बन गऱ्यो । प्राथमिक शिक्षकको तलब शतप्रतिशत नै सरकारले बेहोऱ्यो । २०२८ सालदेखि लगभग २० बर्षसम्म राष्ट्रिय शिक्षा पद्धतिको योजनामा केही कानुनी परिवर्तन भएपनि शिक्षाको नीतिमा ठूलो परिवर्तन देखिएन । २०४६ सालको बहुदलीय प्रजातन्त्रको पुनर्वहाली भएपछि गठन भएको सरकारले शिक्षा पद्धतिलाई समयसापेक्ष गति दिन र शिक्षा क्षेत्रमा देखा परेका कमीकमजोरीलाई हटाउन २०४८ सालमा राष्ट्रिय शिक्षा आयोगको गठन गऱ्यो र यस आयोगले आफ्नो प्रतिवेदन २०४९ सालमा सार्वजनिक गर्दै माध्यमिक शिक्षा विकासको लागि महत्वपूर्ण सुझाव पेश गऱ्यो । २०५४ सालमा तत्कालीन सरकारले विधमान शिक्षा नीति, कार्यक्रम र संगठननात्मक स्वरुपलाई अझ सुदृढीकरण गर्नु पर्ने महसुस गरी राष्ट्रिय शिक्षा आयोगको गठन २०५४।२।१५ मा गरी २०५५।२।३१ गते प्रतिवेदन पेश गरेको थियो । उक्त आयोगले माध्यमिक शिक्षालाई सर्वसुलभ, निःशुल्क र गुणस्तरीय बनाउने, राष्ट्र प्रति समर्पित स्वावलम्बन नागरिक उत्पादन गर्ने र माध्यमिक विद्यालयलाई

सरकारी अनुदान कायम राख्दै समुदायमा हस्तान्तरण गर्दै शिक्षाको राष्ट्रिय नीति तय गरेको पाइन्छ । २०५८।१।२९ मा शिक्षा सम्बन्धी उच्च स्तरीय कार्य समितिको गठन गरी विद्यालय शिक्षालाई अझ व्यवस्थित, प्रभावकारी र पारदर्शी बनाउने उद्देश्यले शैक्षिक गुणस्तर अभिवृद्धि र सामुदायिक विद्यालयले असुली गरिरहेको शुल्क सम्बन्धी औचित्य सहित ठोस निर्णयमा पुग्न उच्च स्तरीय कार्यसमितिको गठन गरेको पाइन्छ । यस कार्यसमितिले माध्यमिक शिक्षामा हाल सार्वजनिक विद्यालयहरुलाई दिई आएको अनुदान यथावत राखिने र लागतको आधारमा खर्च उठाउने सिद्धान्त अनुसार मा.वि.मा शुल्क निर्धारणको मापदण्ड लागू गर्ने सुझाव दिएको पाइन्छ ।

मेटकन कन्सल्टेन्स (१९९६) ले 'माइक्रो स्टडी अफ स्कुल फाइनन्स' नामक विषयमा अध्ययन गरेको पाइन्छ । यस अध्ययनको मुख्य उद्देश्य माध्यमिक विद्यालयको आयस्रोत र खर्चको अवस्थाका वारेमा अनुसन्धान गरी समस्या पहिचानका साथ समाधानका उपायहरु खोजी गर्नु थियो । अध्ययन अनुसार सन् १९९४ र १९९५ को औसतमा १९ वटा सरकारी माध्यमिक विद्यालयहरुको औसत वार्षिक आम्दानी रु १,१३,४२४ रहेको थियो जसमा सरकारी अनुदान ४८.१ प्रतिशत, अभिभावकबाट ३५.१ प्रतिशत र अन्य स्रोतबाट १६.१ प्रतिशत, भएको उल्लेख गरिएको छ । यस अध्ययनले मा.वि.को प्रमुख आयस्रोत सरकारी अनुदान नै रहेको देखिएकोले आगामी दिनमा माध्यमिक विद्यालयहरुले आफ्नो आर्थिक स्रोतलाई सुदृढ बनाउन आम्दानीका वैकल्पिक स्रोतहरु पहिल्याउन सुझाव दिएको पाइन्छ । यस अध्ययनले गरेको माध्यमिक विद्यालयको खर्च विश्लेषण अनुसार जम्मा खर्चमा निम्न माध्यमिक तलब भत्तामा २०.२ प्रतिशत र माध्यमिक विद्यालयको तलब भत्ता ४७.५ प्रतिशत गरी जम्मा तलब भत्ता खर्च ९७.७ प्रतिशत, कर्मचारी तलब भत्ता ८.५ प्रतिशत अन्य विविध शीर्षकमा २७.८ प्रतिशत खर्च देखिनुले ठूलो अंश तलब भत्तामा खर्च हुन गएको र विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गर्ने जस्ता शीर्षकहरुमा कम प्रतिशत खर्च हुनाले विद्यालयको वचत कोषबाट शैक्षिक गुणस्तर वृद्धि गर्ने कार्यक्रममा खर्च गर्न सुझाव दिएको पाइन्छ । मेटकनले आफ्नो अध्ययनमा विद्यालयले गरेको खर्चको आधारमा प्रति विद्यार्थी लागत गणना गरेको पाइन्छ, यस अनुसार नेपालको ग्रामीण क्षेत्रमा रहेका सरकारी माध्यमिक विधालयमा प्रति विद्यार्थी खर्च रु २२४३ र शहरी क्षेत्रमा रु २९५३ पर्न आएको देखाइएको छ । यसै गरी नेपालको भौगोलिक क्षेत्र अनुसार पहाड, तराई र काठमाडौं उपत्यकाका सरकारी माध्यमिक विद्यालयमा प्रति विद्यार्थी लागत क्रमसः रु २६०५, २१७३ र ३८०६ लागेको देखाइएको छ । सो अनुसन्धानबाट प्राप्त निष्कर्षका आधारमा सन् १९९५/९६ र १९९६/९७ को औसत प्रति विद्यालय वार्षिक आम्दानी रु १४,१६,००० मध्ये सरकारी अनुदान ५५.३ प्रतिशत, अभिभावकबाट २४.२ प्रतिशत र अन्य स्रोतबाट २०.६ प्रतिशत रहेको बताएको छ । यसै गरी प्रति विद्यालय वार्षिक खर्च रु. १२,२४,००० मध्ये शिक्षक तलब भत्तामा ५४.५ प्रतिशत, कर्मचारी तलब भत्तामा १५.३ प्रतिशत, शैक्षिक सामग्री खरिदमा ४.७ प्रतिशत र अन्य विविध शीर्षकमा २५.५ प्रतिशत देखाइएको छ । यस अध्ययनले विद्यालयले गरेको खर्चको आधारमा ६-१० कक्षाको प्रति विद्यार्थी औसत लागत रु १,५४३ र अभिभावकले गरेको खर्चको आधारमा प्रति विद्यार्थी रु २४०७ भएको देखाइएको छ । यस अध्ययनले प्राथमिक, निम्नमाध्यमिक र

माध्यमिक तहमा गरी जम्मा विद्यार्थी सङ्ख्या ७०९ र शिक्षक सङ्ख्या २८ जनाको आधारमा विद्यार्थी शिक्षक अनुपात २५:१ भएको देखाइएको छ ।

विष्ट, (२०००) ले माध्यमिक शिक्षा विकास परियोजनाको मूल्याङ्कनका आधारमा 'Steps Towards Improving the quality of Secondary Education in Nepal' नामक विषयमा माध्यमिक तथ्याङ्क प्रयोग गरी अध्ययन गरेका छन् । विष्टले सरकारी बजेटका आधारमा प्रति विद्यार्थी लागतको गणना गर्दै सन् १९९२ मा प्रति विद्यार्थी लागत रु ६५४ भएकोमा सन् १९९८ मा उक्त लागत बृद्धि भई रु १८१६ पुगेको देखाएका छन् । शिक्षामा गरिएको सरकारी खर्चको प्रवाहको वारेमा उनको अध्ययनले सन् १९९२/९३ मा कुल गार्हस्थ्य उत्पादनको २.५ प्रतिशत र सन् १९९८/९९ मा २.६ प्रतिशत शिक्षामा लगानी भएको देखाइएको छ । यसै गरी सन् १९९२/९३ मा कुल सरकारी खर्चको शैक्षिक खर्च १३.४ प्रतिशत र सन् १९९९/२००१ मा सो प्रतिशत ह्रास भई १३.२ प्रतिशतमा झरेको देखाइएकोछ । अध्ययनमा सरकारले शिक्षामा गरेको जम्मा खर्च मध्ये माध्यमिक तहमा १९९२/९३ मा १५.२ प्रतिशत खर्च गरेको र सन् २००१ सम्म आइपुग्दा सो प्रतिशतमा वृद्धि भई २०.६ प्रतिशत पुगेको देखाइएको छ । माध्यमिक विद्यालयले गरेको जम्मा खर्चमा तलब भत्ता शीर्षक अन्तर्गत ७०.७ प्रतिशत र अन्य शीर्षकमा थोरै मात्र खर्च हुन गएको देखाएको छ ।

कार्की, (२००२) ले ओखलढुङ्गा जिल्लाका २ वटा सामुदायिक माध्यमिक विद्यालयहरुको वित्तीय अवस्था र यसको आर्थिक प्रभावको बारे अध्ययन गरेका छन् । उनको प्राथमिक तथ्याङ्कमा आधारित तुलनात्मक अध्ययनमा अध्ययन क्षेत्रका ७५ वटा घरपरिवार र २ वटा माध्यमिक विद्यालयबाट सङ्कलित तथ्याङ्कलाई तालिकीकरण र वर्गीकरण गरी तथ्याङ्कको प्रस्तुतीकरण गरिएको छ । अध्ययनबाट अध्ययन क्षेत्रका घर परिवारमध्ये ६.७ प्रतिशतको रु १०,००० भन्दा कम, २६.७ प्रतिशतको रु १०,०००-३०,००० सम्म, २० प्रतिशतको रु ३०,०००-५०,००० सम्म र ४६.६ प्रतिशतको ५०,००० भन्दा वढी आम्दानी रहेको देखाइएको छ । १० वर्ष अघि अभिभावकहरुले आफ्ना बालवालिकाहरुको लागि ५३ प्रतिशत लगानी गरेको अध्ययनको समयमा ६५.३३ प्रतिशत मात्र लगानी रहेको अध्ययनले देखाएकोछ । त्यसर्थ सरकार तथा अभिभावक दुवै पक्षले शैक्षिक क्षेत्रमा खर्च बढाउनु पर्ने, माध्यमिक तह देखि नै प्राविधिक तथा व्यावसायिक शिक्षामा जोड दिनु, पर्ने र यसका लागि पाठ्यक्रम समेत परिवर्तन गर्नु पर्ने, विद्यार्थी शिक्षक अनुपात सुधार गर्न विषयगतरुपमा सरकारले शिक्षक दरवन्दीको व्यवस्था गर्नु पर्ने र छात्रवृत्तिको दर र कोटामा वृद्धि ल्याउनु पर्ने जस्ता सुझाव यस अध्ययनले पेश गरेको छ ।

दहाल, (२०००) ले “नेपालको शिक्षामा सरकारी वित्त र यसको प्रभाव र निर्धारक तत्व” भन्ने शीर्षकमा अध्ययन गरेका छन् । दहालले सरकारी खर्च, शैक्षिक खर्च र कुल गार्हस्थ्य उत्पादन वीच सम्बन्ध देखाउने, शैक्षिक खर्च र विद्यार्थी सहभागिता दर वीच सहसम्बन्ध देखाउने र सरकारी नीति निर्माणमा सुझाव दिने उद्देश्य लिएर माध्यमिक तथ्याङ्कमा आधारित भई यसको अध्ययन र विश्लेषण गरेका छन् । यस अनुसन्धानबाट प्राप्त निष्कर्षहरुलाई उल्लेख गर्दै दहालले नेपालको वजेटमा आ.व. १९७५/७६-१९७९/८० सम्म तत्कालीन मूल्यमा १७७९ लाख र आ.ब. १९९५।९६ देखि १९९६।९७ सम्म

सो रकममा वृद्धि भई १९३८ लाख पुगेको देखाएका छन् । यसैगरी १९७५/७६-१९७९/८० सम्म कूल गार्हस्थ्य उत्पादन औसत रु १,९९,९४४ लाखबाट १९७५/७६-१९९६/९७ सम्म सो रकममा वृद्धि भई रु ९,०२,६६१ लाख पुगेको र उक्त समयमा नेपालको बजेट रकम क्रमस रु ३४,५५५ लाखबाट वृद्धि भई रु १,८३,२८० लाख पुगेको साथै शिक्षा खर्च तर्फ रु २८२९ गार्हस्थ्य उत्पादन, सरकारी बजेट तथा शैक्षिक बजेट सबैमा वृद्धि भएको देखिएता पनि कुल गार्हस्थ्य उत्पादन र शैक्षिक बजेट बीचको अनुपात सोही समयमा ८.२ वृद्धि भई ८.८ सम्म पुगेको देखिन्छ । यसाट वैदेशिक सहयोगको ठूलो भाग शिक्षा क्षेत्रमा लगानी रहेको देखिन्छ । अध्ययनको निष्कर्ष पछि दहालले शिक्षामा लगानी भएको वैदेशिक तथा लगानीलाई प्रत्यक्षरुपमा शैक्षिक गुणस्तरमा वृद्धि ल्याउने कार्यक्रममा र प्राविधिक शिक्षामा खर्च गर्नु पर्ने, शिक्षामा लगानी वृद्धि गर्दै गएपनि शिक्षामा गुणस्तरीयत आउन नसकेकोले विद्यालय सुपरिवेक्षण तथा निरीक्षण प्रणालीलाई सशक्त बनाउनु पर्ने र वित्तीय व्यवस्थापनको लागि लागत सहभागिताका आधारमा लागत साझेदारी गर्नु पर्ने सुझाव दिएका छन् ।

यसरी यस पूर्वसाहित्य समीक्षा अन्तर्गत प्रस्तुत गरिएका विभिन्न अनुसन्धानकर्ताहरुले माध्यमिक तहको विभिन्न विषयमा अध्ययन अनुसन्धान गरेका छन् । प्रस्तुत अध्ययनहरुमा विद्यालयको आय स्रोत, खर्चको ढाँचा, विद्यालय र अभिभावकले गरेका खर्चको आधारमा प्रति विद्यार्थी लागतको अनुमान, एस. एल.सी. परीक्षा नतिजाको आधारमा विद्यालयको दक्षताको परीक्षण, विद्यालयको भौतिक पक्ष, शिक्षक विद्यार्थी अनुपात, शैक्षिक सूचाङ्क, घरपरिवारको आय स्रोत आदिका बारेमा विश्लेषण गरिएको छ । यसरी पूर्वसाहित्यको समीक्षाबाट यस अध्ययनमा पनि यस्तै शीर्षकहरुमा विश्लेषण गर्ने प्रयत्न गरिनेछ ।

## २.३ शैक्षिक उपादेयताः

यस शैक्षिक अनुसन्धानमा लिएको सहयोग लिएको सैद्धान्तिक खाकाले अध्ययन क्षेत्र अन्तर्गतको माध्यमिक विद्यालयको व्यवस्थापकीय पक्षको गहिरो अध्ययन र विश्लेषण गर्न सहयोग गर्दछ । विद्यालयमा स्रोत र सधनको अधिकतम उपयोग गर्न, आर्थिक पारदर्शिता, प्रशासनिक निष्पक्षता, शिक्षकको व्यवसायिक निपूर्णता र प्रभावकारी शिक्षण र भावी शैक्षिक योजना निर्माणमा समेत मद्धत पुऱ्याउँछ । लागत-लाभ विश्लेषणले शैक्षिक सहुलियत, शैक्षिक अनुदान जस्ता पक्षमा निर्णयमा पुग्न सहयोग पुऱ्याउँछ ।

पूर्वसाहित्यको अध्ययनबाट सरकारी शैक्षिक लगानी अभिभावकको लगानी प्रति इकाई खर्च र उपलब्धि, आर्थिक लगानीको बैकल्पिक उपायको खोजी लागत साझेदारीको अनुपात जस्ता पक्षको समीक्षा हुने भएकोले शैक्षिक नीति निर्माण गर्न, कार्यान्वयन गर्न र शैक्षिक स्थितिको समीक्षा गर्नका लागि यस अनुसन्धानले लिएको पूर्वसाहित्य शैक्षिक क्षेत्रको लागि उपयोगि हुनेछ ।

# परिच्छेदः तीन

# अनुसन्धान विधि

## ३.१ अनुसन्धानको ढाँचा :

यस अध्ययनको मुख्य उद्देश्य नै अवस्था, प्रक्रिया, समस्या तथा घटनाको ब्याख्या विश्लेषण गर्नु रहेकोले संकलित तथ्याङ्क विश्लेषण साङ्ख्यिक र शाव्दिकरुपमा प्रस्तुत गरिनेछ । त्यसैले यस अनुसन्धानमा गुणात्मक र परिमाणात्मक दुवै ढाँचको प्रयोग गरिनेछ ।

## ३.२ तथ्याङ्क संकलन प्रक्रिया :

यस शैक्षिक अनुसन्धानलाई परिणाममुखी बनाउनका लागि तथ्याङ्क संकलन गर्नु आवश्यक हुन्छ । यथार्थपरक तथ्याङ्क संकलन गर्न निम्न प्रक्रिया अवलम्बन गरिनेछ ।

### ३.२.१ जनसङ्ख्या :

इलाम जिल्ला अन्तर्गतका सामुदायिक माध्यमिक विद्यालय र उक्त विद्यालयका प्रधानाध्यपक, विद्यालय व्यवस्थापन समिति अध्यक्ष, सामाजिक परीक्षण अध्यक्ष, विद्यार्थी र अभिभावक नै यस अध्ययनका जनसङ्ख्या हुनेछन् ।

### ३.२.२ नमुनाको आकार :

यस अध्ययनका लागि छनौट गरिएका प्रत्येक विद्यालयबाट प्रधानाध्यापक १/१ जनाको दरले ५ जना, विद्यार्थी २/२ (छात्र-छात्रा) जनाका दरले १०जना, अभिभावक २ जनाको दरले १० जना, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष १/१ जनाको दरले ५ जना, सामाजिक परीक्षण समिति अध्यक्ष १/१ जनाको दरले ५ जना गरी जम्मा ३५ जना जनसङ्ख्याको आकार निर्धारण गरिनेछ ।

### ३.२.३ नमुना छनौट विधि :

यस शैक्षिक अनुसन्धानका लागि जनसङ्ख्याको नमूना छनौट गर्न इलाम जिल्ला अन्तर्गत सामुदायिक माध्यमिक विद्यालयहरु मध्ये सुविधा सम्पन्न क्षेत्रबाट २ र दुर्गम क्षेत्रबाट ३ गरी चिठ्ठा पद्धतिबाट ५ सामुदायिक माध्यमिक विद्यालय छनौट गरिनेछ । उक्त माध्यमिक विद्यालयको माध्यमिक तहको कक्षा ९ र १० बाट प्रति विद्यालय प्रति कक्षा २/२ जना छात्र छात्रा पर्ने गरी चिट्ठा पद्धतिबाट नमुना छनौट विधि अपनाइनेछ । प्रत्येक विद्यालयको प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति अध्यक्ष, सामाजिक परीक्षण समिति अध्यक्ष र छनौटमा परेका विद्यार्थीहरुको अभिभावकलाई उद्धेश्यपूर्ण नमुना छनौट विधिबाट छनौट गरिने छ ।

### ३.२.४ नमुना छनौटका आधार :

यस शैक्षिक अनुसन्धानको लागि इलाम जिल्ला अन्तर्गतको सामुदायिक माध्यमिक विद्यालय मध्येबाट नमुना छनौट गर्न सुविधा सम्पन्न क्षेत्र र दुर्गम क्षेत्रका आधारमा नमुनाको छनौट गरिने छ यसरी नमुना छनौट हुँदा भौगोलिक, आर्थिक, सामाजिक र सांस्कृतिक विविधताको आधारमा नमुनाको अध्ययन गरिने छ ।

### ३.३ अनुसन्धानका साधनहरु :

यस अध्ययन कार्यलाई पूर्ण बनाउन आवश्यक पर्ने तथ्याङ्क, सूचना संकलनका लागि देहायका अनुसन्धानका साधन प्रयोग गरीनेछ ।

क) प्रश्नावली:

अध्ययनको लागि छनौट गरिएका अभिभावक र विधार्थीहरुका लागि प्रश्नावली निर्माण गरी आवश्यक तथ्याङ्क संकलन गरिनेछ । अभिभावक प्रश्नावली बाट अभिभावकहरुको वार्षिक आम्दानी, विधालयमा तिरेको शुल्कसंग असम्बन्धित खर्चको तथ्याङ्क संकलन गरिनेछ । विधार्थी प्रश्नावलीबाट अभिभावकको शैक्षिक लगानी सम्बन्धी सूचना प्राप्त गर्न तथ्याङ्क लिइनेछ ।

ख) अन्तर्वार्ता तालिका:

अध्ययन क्षेत्रका प्रधानाध्यापक, विधालय ब्यवस्थापन समिति अध्यक्ष, सामाजिक परिक्षण समिति अध्यक्षबाट माध्यमिक विधालयको विधमान आर्थिक समस्या र समाधानका उपाय सम्बन्धी गुणात्मक सूचना लिन छुट्टाछुट्टै अन्तर्वार्ता तालिका निर्माण गरी तथ्याङ्क संकलन गरिनेछ ।

ग) विधालय सर्वेक्षण फाराम :

अध्ययन क्षेत्रका माध्यमिक विधालयहरुको लागि विधालय सर्वेक्षण फाराम निर्माण गरी अध्ययनसंग सम्बन्धित शिक्षक तथा विधार्थी सङ्ख्या, एस. एल.सी. विधार्थी सङ्ख्या, विधालयको वार्षिक आम्दानी र खर्च सम्बन्धी विवरण लिइनेछ ।

### ३.४ तथ्याङ्क संकलनका स्रोतहरु

यस शैक्षिक अनुसन्धानका शीर्षक सम्बन्धी अध्ययनको लागि निम्न तथ्याङ्कको स्रोत प्रयोग गरिनेछ ।

क) प्राथमिक तथ्याङ्क

अनुसान्धानको क्रममा विद्यालयसंग सम्बन्धित मुख्य विशेषता समेटने गरी तयार पारिएको प्रश्नावली, अभिभावक र विद्यार्थीलाई सोधिने प्रश्नावली, प्रधानाध्यापक, विधालय व्यवस्थापन समिति अध्यक्ष र सामाजिक परीक्षण अध्यक्षलाई सोधिने अन्तरवार्ता अनुसुची यस प्राथमिक तथ्याङ्कका स्रोत हुनेछ ।

ख) सहायक तथ्याङ्क

अनुसन्धानको क्रममा आवश्यक पर्ने पूर्व प्रकाशित तथा संकललित तथ्याङ्कहरुलाई उपयोग गरिनेछ । माध्यमिक विद्यालयमा आर्थिक लगानी र लागत अवस्थासँग सम्बन्धित सार्वजनिक दस्तवेज अन्तर्गत प्रकाशित दस्तवेज, अप्रकाशित दस्तवेज र प्रकाशित पाठ्यपुस्तकहरु सहायक तथ्याङ्कको रुपमा प्रयोग गरिनेछ ।

## ३.५ तथ्याङ्क विश्लेषण प्रक्रिया

तयार गरिएको तथ्याङ्कको साधनहरुबाट प्राप्त तथ्याङ्कहरुलाई वर्गीकरण गरिनेछ । यसमा अस्पष्टता, अशुद्धि र विरोधभाष कुराहरु भएमा पुनः सम्बन्धित पक्षसँग सम्पर्क गरी शुद्धिकरण र सम्पादन गरिनेछ । सम्पादित तथ्याङ्कहरुलाई अध्ययनको उद्देश्य अनुरुप विभिन्न कोणबाट विश्लेषण गर्नको निम्ति तालिका निर्माण गरी तालिकीकरण गरिनेछ ।

यो शैक्षिक अनुसन्धानको लागि प्राप्त तथ्याङ्कहरुलाई औसत, प्रतिशत र अनुपातका रुपमा विश्लेषण गरिनेछ । यहाँ छात्र-छात्रा संङ्ख्या शिक्षक विद्यार्थी सङ्ख्या, तालिम प्राप्त शिक्षक विद्यार्थी सङ्ख्या, कर्मचारी विद्यार्थी सङ्ख्या आदिलाई अनुपातका आधारमा र आय व्यय विवरण, प्रति विद्यार्थी लागत, शैक्षिक उपलब्धि, एस,एल.सी. नतिजा आदिलाई प्रतिशत र औसतको आधारमा विश्लेषण गरिनेछ र प्राप्त तथ्याङ्कहरुलाई स्तम्भ चित्र, रेखा चित्र, वृत्त चित्रद्वारा देखाइनेछ र गुणात्मक तथ्याङ्कहरुलाई शाव्दिक रुपमा विश्लेषण गरिने छ ।

# सन्दर्भ सामग्री


१. अर्थमन्त्रालय (२०४९), *बजेट वक्तवटा आ.व. २०४८/४९,* काठमाडौ : अर्थमन्त्रालय ।

२. उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग (२०५५), *उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग को प्रतिवेदन,* काठमाडौं : लेखक ।

३. कार्की, डिल्लीराम (२००२) , *फाइनान्सिङ इन सेकेन्डरी एजुकेशन एण्ड इट्स इकानमिक इम्प्याक्ट:* अप्रकाशित शोधपत्र, विश्व विद्यालय क्याम्पस, कीर्तिपुर ।

४.. काफ्ले, बासुदेव र यादव शर्मा गौडेल, किसान प्रसाद अधिकारी (२०६४), *शिक्षाको वित्तशास्त्र,* काठमाडौं : सनलाइट पब्लिकेशन ।

५. कोइराला, विद्यानाथ र  चन्द्रवहुर श्रेष्ठ (२०६२), *शैक्षिक व्यवस्थापन र संगठानात्मक व्यवहार,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

६. जोशी, श्याम (२०५२), *विकास अर्थशास्त्र तथा योजना* , काठमाडौः तलेजु प्रकाशन, भोटाहीटी ।

७. थापा, तारा (२०६४), *शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार,* काठमाडौं : प्रशान्ति

८. दाहाल। माधवप्रसाद (२०००), *पब्लिक फाइनान्सिङ अफ एजुकेशन यन नेपाल, ट्रेन्स एण्ड डिटरमिनेन्टस,* अप्रकाशित एमफिल थेसिस, काठमाडौं यूनिभरसिटि ।

९. नेपाल सरकार (२०४९), *शिक्षा नियामावली २०४९,* काठमाडौं : नेपाल राजपत्र ।

१०. नेपाल सरकार (२०५३), *शिक्षा (पाँचौं संसोधन) नियामावली २०५३,* काठमाडौं : नेपाल राजपत्र ।

११. नेपाल सरकार (२०५९), *शिक्षा नियामावली २०५९,* काठमाडौं : नेपाल राजपत्र ।

१२. मेटकन कन्सल्टेन्स (१९९६) , *माइक्रो स्टडी अफ स्कुल फाइनान्स एण्ड कस्ट* , फाइनल रिपोर्ट काठमाडौं : मेटकन कन्सल्टेन्स ।

१३ मेटकन कन्सल्टेन्स (१९९९), *कस्ट सियरिङ अफसन फर क्वालिटी सेकेन्डरी एजुकेशन इन नेपाल,* काठमाडौं : मेटकन कन्सल्टेन्स ।

१४. विष्ट, मिनबहादुर (२०००), *स्टेप्स टुर्वाडस इम्प्रोभिङ्ग द क्वालीटी अफ सेकेन्डरी एजुकेशन इन नेपाल,* माध्यमिक शिक्षा परियोजना, भक्तपुर ।

१५. शर्मा, गापिनाथ (२०५९), *नेपालका शिक्षा आयोगहरुका सङग्रह*  काठमाडौं : आशिष पुस्तक भण्डार ।

## माध्यमिक विद्यालयमा लागत अनुमानको विश्लेषण

## अनुसूची १

## विद्यालय सर्वेक्षण फारम

### परिचय

विद्यालयको नामः .............................................................

जिल्ला : .........................  गा.वि.स. : .......................  वडा नं. .....................

विद्यालयको स्थापना मितिः .......................................................

प्राथामिक ..................  निम्नमाध्यमिक .................  माध्यमिक ...............

प्रधानाध्यापकको नामः ...........................................................................

विद्यालयमा संचालित कार्यक्रम : (१-५) .......... ६-१०) .......... १०+२) ..........

अन्तर्वार्ता लिनेको नाम : ................................................

मितिः ................................................

१. यस विद्यालयको गत ३ वर्ष देखि हालसम्मको विद्यार्थी सङ्ख्या उल्लेख गर्नुहोस् ?

| साल | २०६३ | | २०६४ | | २०६५ | |
|---|---|---|---|---|---|---|
| कक्षा | जम्मा | विद्यार्थी | जम्मा | विद्यार्थी | जम्मा | विद्यार्थी |
| (१-५) | | | | | | |
| ६ | | | | | | |
| ७ | | | | | | |
| ८ | | | | | | |
| ९ | | | | | | |
| १० | | | | | | |
| जम्मा | | | | | | |

२. हाल यस विद्यालयको माध्यमिक तहका कुन कुन कक्षामा कति ओटा सेक्सन विभाजन गरी कक्षा सञ्चालन गरिएको छ ?

| कक्षा ६ | कक्षा ७ | कक्षा ८ | कक्षा ९ | कक्षा १० |
|---|---|---|---|---|
| | | | | |

३. यस विद्यालयको गत ३ वर्ष देखि हालसम्मको एस.एल.सी. परीक्षाको नतिजा उल्लेख गर्नुहोस् ?

| साल | २०६३ | | २०६४ | | २०६५ | |
|---|---|---|---|---|---|---|
| | जम्मा | विद्यार्थी | जम्मा | विद्यार्थी | जम्मा | विद्यार्थी |
| १.एस.एल.सी. परीक्षामा सामेल | | | | | | |
| २. नियमित उर्त्तीण हुने | | | | | | |
| ३. आंशिक उत्तीर्ण | | | | | | |

४. यस विद्यालयमा गएका माध्यमिक शिक्षकहरुको योग्यता र तालिम बारे विवरण दिनुहोस् ?

| योग्यत | पुरुष | महिला | जम्मा | तालिम प्राप्त | | |
|---|---|---|---|---|---|---|
| | | | | प्रुष | महिला | जम्मा |
| आइ.ए. | | | | | | |
| वी.ए. | | | | | | |
| एम.ए. | | | | | | |

५. यस विद्यालयमा भएका शिक्षक बाहेक अन्य कर्मचारीहरुको विवरण दिनुहोस् ?

१. प्रशाासन ..................................जना

२. लेखा ..................................... जना

३. परिचर .................................. जना

जम्मा ................................... जना

६. गत ३ वर्ष देखि यस विद्यालयले माध्यमिक तहमा वितरण गरेको छात्रवृत्तिबारे विवरण दिनुहोस् ?

| छात्रवृत्तिको किसिम | २०६३ | | २०६४ | | २०६५ | |
|---|---|---|---|---|---|---|
| | जम्मा | छात्र | जम्मा | छात्र | जम्मा | छात्र |
| गरिब | | | | | | |
| जेहेन्दार | | | | | | |
| दलित | | | | | | |
| महिला | | | | | | |
| स्थानीय | | | | | | |
| जम्मा | | | | | | |

७. गत ३ वर्ष देखि तपाईको माध्यमिक विद्यालयमा भएका शिक्षक सङ्ख्या उल्लेख गर्नुहोस् ।

| २०६३ | | २०६४ | | २०६५ | |
|---|---|---|---|---|---|
| जम्मा | तालिम प्राप्त | जम्मा | तालिम प्राप्त | जम्मा | तालिम प्राप्त |
| | | | | | |

८. यस विद्यालयको गत ३ वर्ष देखिको वार्षिक आम्दानी विवरण दिनुहोस् ?

| साल | २०६३ | | २०६४ | | २०६५ | |
|---|---|---|---|---|---|---|
| शीर्षक | जम्मा रकम | माध्यमिक तहमा मात्र | जम्मा रकम | माध्यमिक तहमा मात्र | जम्मा रकम | माध्यमिक तहमा मात्र |
| सरकारी अनुदान | | | | | | |
| स्थानीय सरकार | | | | | | |
| स्थानीय समुदाय | | | | | | |
| अभिभावक विद्यार्थी | | | | | | |
| विद्यालयको आफ्नो स्रोत | | | | | | |
| गैरसरकारी संस्था | | | | | | |
| गत वर्षको वैङ्क मौज्दात | | | | | | |
| अन्य | | | | | | |
| जम्मा | | | | | | |

९ यस विद्यालयको गत ३ वर्ष देखिको वार्षिक खर्च विवरण दिनुहोस् ?

| शीर्षक/स्रोत | २०६३ | | २०६४ | | २०६५ | |
|---|---|---|---|---|---|---|
| | जम्मा रकम | माध्यमिक तहमा मात्र | जम्मा रकम | माध्यमिक तहमा मात्र | जम्मा रकम | माध्यमिक तहमा मात्र |
| शिक्षक त.भ. | | | | | | |
| कर्मचारी त.भ. | | | | | | |
| मसलन्द | | | | | | |
| शैक्षिक सामग्री | | | | | | |
| निर्माण | | | | | | |
| मर्मत सम्भार | | | | | | |
| टेलिफोन/खानेपानी | | | | | | |
| पुस्तकालय | | | | | | |
| खेलकुद | | | | | | |
| छात्रवृत्ति | | | | | | |
| परीक्षा र भत्ता | | | | | | |
| अन्य | | | | | | |
| जम्मा | | | | | | |

# अनुसूची २

## अभिभावक प्रश्नावली

परिचय :

जिल्ला : ............................ गा.वि.स. ............................ वडा नं. .......................

अभिभावकको नाम : ................................................

लिङ्ग ............... उमेर ............. पेसा ............. शिक्षा ................

परिवार सङ्ख्या : पुरुष ................. रुची ..................... जम्मा ..................

<u>६ वर्ष भन्दा माथिको जनसङख्याको आधारमा शैक्षिक अवस्था :</u>

साक्षरः पुरुष ......... स्त्री.............. जम्मा ...................

निरक्षारः पुरुष .................. स्त्री....................... जम्मा ...................

१. तपाईका नानीलाई विद्यालयमा भर्ना गर्दा शुल्क लिने गरेको छ ?

क. छ। ख. छैन्।

२. यदि भर्ना शुल्क लिने गरेको भए कति तिर्ने गर्नु भएको छ ?

रु...................................।

३. मासिक पढाई खर्च पनि तिर्नु हुन्छ भने कति तिर्नु हुन्छ ?

रु.....................................।

४. वर्ष भरीमा परीक्षा शुल्क वापत कति रकम तिर्नु हुन्छ ?

क. त्रैमासिक परीक्षा शुल्क :-

ख. अर्ध-वाषिक परीक्षा शुल्क :-

ग. वार्षिक परीक्षा शुल्क :-

५. तपाईको विद्यालयले अन्य कुनै शीर्षकमा शुल्क लिने गरेको छ ?

१. ......................शुल्क............... २. ......................शुल्क ..................

३. .........................शुल्क.................. ४. .........................शुल्क.....................

६. तपाई वर्ष भरीमा नानीलाई पोशाकमा कति खर्च गर्नु हुन्छ ?

रु. .....................................।

७. तपाई वर्ष भरीमा नानीलाई स्टेसनरीमा कति खर्च गर्नु हुन्छ ?

रु.......................................।

८. तपाईको नानीलाई सूचना/कोचिङ्ग कक्षामा पठाउनु हुन्छ ?

क. पठाउँछु ।    ख. पठाउँदिन ।

९. यदि पठाउनु हुन्छ भने वार्षिक कति रकम तिर्नु हुन्छ ?

रु...................................।

१०. तपाईको नानीले शैक्षिक खर्चको लागि मागे बमोजिमको रकम दिन सक्नु भएको छ ?

क. छ ।    ख. छैन् ।

११. तपाईले खर्च गरे अनुसारको नानीले उपलब्धि गरेको पाउनु भएको छ ?

क. छ ।    ख. छैन् ।

१२. तपाईको वर्ष भरीमा कति आम्दानी हुन्छ ?

क. वार्षिक रु.१०,००० देखि २०,००० सम्म ।

ख. वार्षिक रु. २०,००० देखि ३०,००० सम्म ।

ग. वार्षिक रु.  ३०,००० देखि ४०,००० सम्म ।

घ. वार्षिक रु. ४०,००० भन्दा माथि ।

१३. तलको कुन भनाईमा तपाई सहमत हुनुहुन्छ ?

क. सम्पूर्ण शैक्षिक खर्च सरकारले व्यहोर्नु पर्छ ।

ख. अभिभावकले पनि लागत साझेदारी गर्नु पर्छ ।

# अनुसूची ३

## विद्यार्थी प्रश्नावली

१. तपाईको विद्यालयले तलका कुन कुन शीर्षकमा कति शुल्क लिने गरेको छ ?

क) भर्ना शुल्क रु ............... ख) मासिक पढाई शुल्क रु...........................

ग) ट्यूसन शुल्क रु............. घ) परीक्षा शुल्क रु .........................

ङ) ................. रु च) ................ रु.

२. विद्यालयलाई शुल्क तिर्न आवश्यक छ कि छैन ?

उत्तर .............................................................................

३. तपाई विद्यालयलाई वर्ष भरीमा जम्मा शुल्क तिर्नु हुन्छ ?

उत्तर .............................................................................

४. तपाईलाई पाठ्यपुस्तक खरिद गर्न कति रकम लाग्छ ?

उत्तर .............................................................................

५. तपाईलाई अभिभावकले शैक्षिक सामाग्री किन्न पैसा दिनु हुन्छ ?

उत्तर .............................................................................

६. वर्ष भरीमा कति रकमको शैक्षिक सामाग्री किन्न पैसा दिनुहुन्छ ?

उत्तर ..

७. तपाईलाई अभिभावकले पोशाक किन्न एक वर्षमा कति खर्च गर्नु हुन्छ ?

उत्तर .

८. तपाईलाई अभिभावकले खाजा खर्च, गाडी भाडा र शैक्षिक भ्रमणमा वार्षिक कति खर्च गर्नु हुन्छ ?

उत्तर ..

९. तपाईलाई चाहेजति अभिभावकले पढाईमा खर्च गर्न सक्नु हुन्छ ?

उत्तर ............

१०. अभिभावकले भनेजति पढाइमा खर्च गर्न नसक्नाको कारणहरु के के होलान् ?

उत्तर ..

११. तपाईको विचारमा गुणस्तरीय शिक्षाको लागि सरकार र अभिभावक कस्ले वढी खर्च गर्नु पर्छ होला र किन ?

# अनुसूची ४

## प्र.अ. अन्तरवार्ता अनुसूची

विद्यालयको नाम :- ठेगाना :-

१. तपाईको विद्यालयको आम्दानीका स्रोतहरु के के हुन् ?

२. मा.वि. तहमा सरकारी अनुदान रकम कुन कुन शीर्षक अन्तर्गत कति आउँछ ?

३. अभिभावकवाट कुन कुन शीर्षक अन्तर्गत कति रकम असुल गर्नु हुन्छ ?

४. विद्यालयले कुन शीर्षक अन्तर्गत वढी खर्च गर्छ ?

क) शिक्षक कर्मचारी तलवभक्तामा

ख) भौतिक संरचना निर्माणमा

ग) शैक्षिक साामाग्री खरिद तथा निर्माणमा

घ) शैक्षिक कार्यक्रममा

५.गुणस्तरीय शिक्षाका लागि शैक्षिक कार्यक्रम सञ्चालनार्थ प्राप्त आर्थिक स्रोत पर्याप्त छ ?

६. मा.वि. तहको आर्थिक स्रोत सुदृण वनाउन अभिभावकको लागत साझेदारी आवश्यक देख्नु हुन्छ ?

७. मा.वि. तहको प्राप्त वार्षिक आम्दानीले वार्षिक खर्च चल्न सक्छ ?

८. विद्यालयको आर्थिक स्रोत वृद्धिमा स्थानीय तहको सहयोग कस्तो छ ?

९. विद्यालयले हाल भोगिरहेको आर्थिक समस्याहरु के के हुन् ?

१०. माध्यमिक विद्यालयमा शैक्षिक लगानी अनुरुपको प्रतिफल कस्तो छ ?

# अनुसूची ५

## वि.व्य.स. अध्यक्षलाई अर्न्तवार्ता अनुसूची

विद्यालयको नाम : ठेगाना :

१. विद्यालयको आम्दानीका स्रोतहरु के के हुन् ?

२. मा.वि. लाई आउने सरकारी अनुदान रकम पर्याप्त छ ?

३. विद्यालयको आर्थिक स्रोत मजवुद वनाउन वि.व्य.स. ले कस्तो भुमिका निर्वाह गरेको छ ?

४. तोकिएको शीर्षकमा आएको अनुदान रकम सोही शीर्षकमा खर्च गर्नु हुन्छ कि शीर्षक स्थानान्तरण गर्नु हुन्छ ?

५. विद्यालयको आम्दानी र खर्च अभिभावक समक्ष कसरी पारदर्शी गर्नु हुन्छ ?

६. संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयमा अभिभावकले किन लगानी गर्न नरुचाएको हो ?

७. मा.वि. तहमा अभिभावकको लागत साझेदारी आवश्यक देख्नु हुन्छ कि हुन्न ?

८. माध्यमिक विद्यालयमा देखिएका आर्थिक समस्याहरु के के हुन् र यसको निराकरण गर्न कस्ता उपायहरु अवलम्वन गर्नु पर्ला ?

# अनुसूची ६

## सामाजिक परिक्षण सदस्यलाई अन्तर्वार्ता अनुसूची

विद्यालय : ठेगाना :

१. सामाजिक परीक्षणका कामहरु के के हुन् ?

२. विद्यालयको सामाजिक परीक्षण कसरी गर्नु हुन्छ ?

३. विद्यालयको सामाजिक परीक्षण कहिले गर्नु हुन्छ ?

४. विद्यालयको आम्दानी र खर्च प्रति तपाईको दृष्टिकोण के छ ?

५. विद्यालयको वजेट व्यावस्थापन कतिको प्रभावकारी छ ?

६. विद्यालयको शैक्षिक कार्यक्रममा कतिको खर्च गरेको पाउनु हुन्छ ?

७. विद्यालयले सही तरिकाले खर्च गरेको पाउनु हुन्छ ?

८. विद्यालयको आर्थिक सुदृढीकरणको लागि अभिभावकको लागत साझेदारी आवश्यक देख्नु हुन्छ ?

९. माध्यमिक तहको लागत अनुरुपको प्रतिफल कस्तो छ ?

१०. माध्यमिक तहमा शैक्षिक लगानी वृद्धि गर्न आवश्यक ठान्नु हुन्छ ?

११. विद्यालयको आय व्ययलाई व्यवस्थित वनाउन विद्यालयलाई कस्तो सुझाव दिनु हुन्छ ?